# पञ्चपुरी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बावियाचौर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

**सेवा करारमा कर्मचारी आवश्यकता सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः-२०७९/१०/०३**

यस नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र सालकोटमा तपसिल बमोजिमको पदमा सेवा करारमा कामकाज गर्न कर्मचारी राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र र पन्ध्रौं दिनका दिन बिदा परेमा सो को भोलिपल्टसम्म कार्यालय खुलेको समयमा नगरपालिकाबाट निर्धारित फाराम भरी तोकिएको शुल्क तिरि रितपुर्वकको आवेदन दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

| विज्ञापन नं. | सेवा/समुह | पद/ तह | शैक्षिक योग्यता | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ७-०७९/०८० | स्वास्थ्य/ हेल्थ सर्भिसेज | मेडिकल अधिकृत/ अधिकृत स्तर आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरह उपाधी प्राप्त गरेको । | १ (एक) | |

**परीक्षाको किसिम :-** लिखित तथा अन्तर्वार्ता ।

**परीक्षा केन्द्र :-** पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत ।

**दरखास्त दस्तुरः-** मेडिकल अधिकृत/ अधिकृत स्तर आठौं पदका लागि रु. १,२००/- (बाह्र सय रुपैंया) बुझाउनु पर्नेछ। परीक्षा दस्तुर नगरपालिकाको राजस्व शाखामा जम्मा गर्न सकिनेछ ।

**दरखास्त दिने स्थान :-** पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत ।

**दरखास्त दिने अबधि :-** मिति २०७९/१०/१७ गते कार्यालय समयसम्म र सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयसम्म।

**दरखास्त दिने माध्यम :-** आवेदककर्ता स्वयं उपस्थित भई नगरपालिकाको कार्यालयबाट तोकिए बमोजिमको दरखास्त फारम भर्नु पर्नेछ। दरखास्त फारम यस नगरपालिकाको वेभसाइट ***www.panchapurimun.gov.np*** बाट प्राप्त गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु :-** आवदेकले आफ्नो व्यक्तिगत विवरण (Bio –Data)का साथ हालसालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो तीन प्रति ,शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, चारित्रिक प्रमाण पत्र र अनुभवको प्रमाणपत्रको प्रतिलिपि, सम्वन्धित काउन्सिल दर्ता प्रमाणपत्र, तालिमको प्रमाणपत्रहरु प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

**उमेर :-** २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**तलव स्केलः-** नेपाल सरकारद्वारा उपलब्ध गराइने अधिकृत स्तर आठौं तहको सुरु तलब स्केल बापतको स्केल हुनेछ। अन्य सेवा सुविधा सेवा करार सम्झौता बमोजिम हुनेछ ।

**सम्पर्क मिति :-** दरखास्त दिने अन्तिम म्यादको भोलिपल्ट दिउसो २ बजे ।लिखित परीक्षाको मिति सोहि दिन तोकिनेछ।

***थप जानकारीको लागि सम्पर्क न ०८३-४१६०६७ मा सम्पर्क गर्न तथा www.panchapurimun.gov.np मा हेर्न सक्नु हुनेछ।***

गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत